नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

# करदाता सेवा कार्यालय भोजपुर, भोजपुर




# कर सम्बन्धी जानकारी -२०८१

**"स्वच्छ, पारदर्शी र प्रविधिमैत्री कर प्रशासनः सामाजिक न्याय, आर्थिक समृद्धि र सुशासन"**

१. **करः**

राज्य संचालनको आधारको रुपमा रहेको सरकारको आम्दानीको मुख्य स्रोत नै कर हो । नागरिकले प्रत्यक्ष लाभको आशा नगरी सरकार वा राज्यलाई कर तिर्ने गर्दछन् । यो नागरिकद्वारा राज्यकोषमा गरिने अनिवार्य योगदान हो ।

२. **आयकरः**

आय भन्नाले कुनै पनि व्यक्तिले रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट प्राप्त गरेको आम्दानीलाई जनाउँदछ भने आय आर्जन गरेबापत ऐन बमोजिम दाखिला गर्नुपर्ने करलाई आयकर भनिन्छ ।

३. **मूल्य अभिवृद्धि कर (VAT)**

कुनै पनि वस्तु तथा सेवाको उत्पादन देखि विक्रि वितरण सम्मका प्रत्येक चरणमा हुने मूल्य अभिवृद्धिमा लाग्ने करलाई मूल्य अभिवृद्धि कर भनिन्छ । यो वस्तु तथा सेवाको उपभोगमा लाग्ने अप्रत्यक्ष कर हो । नेपालमा १३% को एकल दरमा मु.अ. कर कायम गरिएको छ ।

४. **स्थायी लेखा नम्बर (PAN)**

करदाताको पहिचान गराउने स्थायी प्रकृतिको ९ अंकको संकेत नम्बर हो । कुनै पनि कारोबार, रोजगारी वा व्यवसायका लागि PAN अनिवार्य रहेको छ ।

५. **अन्तःशुल्कः**

स्वदेशमा उत्पादित तथा बिक्री वितरण एवं उपभोग गरिने वस्तु तथा सेवामा लगाइने शुल्क अन्तःशुल्क हो । यो मूलत मानव स्वास्थ्य एवं वातावरणीय स्वास्थ्यमा प्रतिकुल असर पार्ने वस्तु तथा विलासिताका वस्तुहरुमा लगाउने गरिन्छ ।

६. **घरेलु मदिराको सम्बन्धमाः**

निजी उपभोगको लागि एकपटकमा ५ लिटरसम्म रक्सी र १० लिटरसम्म जाँड बनाउन सकिने (बर्षमा ६ पटक सम्म) यसरी रक्सी र जाँड बनाउने व्यक्तिले त्यसको सूचना अन्तःशुल्क अधिकृतलाई दिनुपर्छ ।

७. **व्यवसायिक PAN लिन आवश्यक कागजातहरुः**

- व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- स्वयम् करदाताको Biometric गर्नुपर्ने
- जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि/ घरबहाल सम्झौता
- कारोबार स्थलसम्म पुग्न सकिने नक्साको संकेत

८. **निकायको PAN लिन आवश्यक कागजातहरुः**

- सम्बन्धित निकायमा दर्ता भएको दर्ता प्रमाणपत्र
- अख्तियारनामा तथा माइनुटको प्रतिलिपि
- फर्म वा संस्थाको छाप
- प्रबन्धपत्र नियमावली वा विनियमको प्रमाणित प्रतिलिपि
- अगाडि दर्ता भए अघिल्लो आ.व. हरुको वित्तिय विवरण
- घर बहाल सम्झौता
- संचालक तथा साझेदारको व्यक्तिगत P-PAN
- कारोबार स्थलको पहिचान खुल्ने नक्सा

९. **आयकरको दरः**

**डे ०१ — कारोबार रकम ३० लाखसम्म र करयोग्य आय ३ लाखसम्म भएका एकलौटी फर्मले अनिवार्य रुपमा भर्नुपर्दछ ।**

- गाउँपालिका भित्रको लागि वार्षिक रु. २५००
- नगरपालिका भित्रको लागि वार्षिक रु. ४०००

**डे ०२ — कारोबार रकम ३० लाख देखि १ करोड सम्म र करयोग्य आय १० लाख सम्म भएका एकलौटी फर्मले अनिवार्य रुपमा भर्नुपर्दछः**

- ग्यास, चुरोट लगायतका ३% सम्म कमिशन वा मूल्य थप गरी वस्तुको कारोबार गर्नेलाई ३०-५० लाखसम्म कारोबार रकमको ०.२५%, ५० लाख देखि १ करोड रुपैयासम्म कारोबार रकमको ०.३%
- माथि उल्लेखित बाहेकको व्यवसाय गर्ने व्यक्तिलाई ३० लाख देखि ५० लाखसम्म कारोबार रकमको १ प्रतिशत, ५० लाख देखि १ करोडसम्म ०.८ प्रतिशत
- सेवा व्यवसाय गर्ने व्यक्तिको कारोबार रकमको २%

**डे ०३ विवरणः**

- निकायको हकमा करयोग्य आयमा सामान्यत २५% लाग्ने
- एकलौटी फर्म/प्राकृतिक व्यक्तिको लागि करयोग्य आयमा क्रमशः १०, २०, ३० र ३६ % का दरले कर लाग्छ ।

१०. **आर्थिक ऐन २०८१ ले प्रदान गरेको छुट सम्बन्धी व्यवस्थाः**

**करको दायरामा आउनेलाई छुटः**

कुनै व्यक्तिले विगतमा कर लाग्ने आयआर्जन गरेको तर स्थाई लेखा नम्बर (PAN) नलिएको भए त्यस्तो व्यक्तिले स्थाई लेखा नम्बर लिई आ.व २०७८/७९ र २०७९/८० को बुझाउनुपर्ने आय विवरण र सो मा लाग्ने कर २०८१ फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा ब्याज र सोभन्दा अघिका आय वर्षहरुको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा ब्याज मिनाहा हुनेछ ।

**आय विवरण बुझाउन बाँकी करदातालाई छुटः**

स्थाई लेखा नम्बर लिई आय विवरण बुझाउन बाँकी रहेको करदाताले आय विवरण, सो आय विवरण अनुसारको आयकर र सोमा लाग्ने ब्याजको २५ प्रतिशतले हुने रकम २०८१ फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा बाँकी ब्याज मिनाहा हुनेछ ।

**मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने करदातालाई छुटः**

२०८० साल असार मसान्त सम्मको मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताले आफूले बुझाउनु पर्ने कर विवरण, सो कर विवरण अनुसारको

मूल्य अभिवृद्धि कर र सो मा लाग्ने ब्याजको ५० प्रतिशतले हुने रकम २०८१ साल फागुन मसान्तभित्र बुझाएमा सो मा लाग्ने जरिवाना, थप दस्तुर तथा बाँकी ब्याज मिनाहा हुनेछ ।

## ११. मू.अ. करमा दर्ता हुनुपर्ने:

- वस्तुको हकमा वार्षिक कारोबार रकम रु. ५० लाख भन्दा बढि भएमा,
- सेवाको हकमा वार्षिक कारोबार रकम रु. ३० लाख भन्दा बढि भएमा,
- वस्तु तथा सेवाको मिश्रित कारोबारको हकमा वार्षिक कारोबार रकम रु. ३० लाख भन्दा बढि भएमा

## १२. अनुमानित कर विवरण:

- कुनै आय वर्षमा किस्ता दाखिला गर्नुपर्ने प्रत्येक व्यक्तिले पौष मसान्त भित्र अनुमानित करको विवरण पेश गर्नुपर्ने
- समग्र किस्ताको रकम रु. ७५००।- भन्दा कम भएमा विवरण बुझाउनु नपर्ने
- अनुमानित कर विवरणको ९० प्रतिशत भन्दा कम हुने गरी किस्ता बुझाएमा ब्याज लाग्ने
- पौष मसान्तसम्म अनुमानित करको ४०%, चैत्र मसान्तसम्म ७०% र असार मसान्तसम्म अनुमानित करको १००% रकम बुझाउनुपर्ने ।

## १३. E-TDS सम्बन्धमा:

- स्रोतमा करकट्टी गर्नुपर्ने, सोही कट्टी रकम महिना समाप्त भएको २५ दिन भित्रमा दाखिला तथा E-TDS गरिसक्नु पर्ने, अन्यथा समयमै दाखिला नभएमा १५% र TDS नगरेमा २.५% गरि जम्मा १७.५% जरिवाना लाग्ने ।

## १४. E-Billing सम्बन्धमा:

- वार्षिक कारोबार रु १० करोड भन्दा बढि भएमा अनिवार्य E-Billing मा दर्ता गर्नुपर्नेछ साथै स्वैच्छिक दर्ता समेत गर्न सकिन्छ ।

## १५. अन्तःशुल्क दर:

| | |
|---|---|
| नगरपालिकामा स्वदेशी मदिरा मात्र बिक्रि गर्ने खुद्रा बिक्रेता | रु.११,००० |
| गाउँपालिकामा स्वदेशी मदिरा मात्र बिक्रि गर्ने खुद्रा बिक्रेता | रु. ६,००० |
| स्वदेशी मदिरा बोतल खोली बिक्रि वितरण गर्ने साधारण होटल, रेष्टुरेन्ट, बार, लज | रु. ६,००० |
| स्वदेशी तथा विदेशी मदिरा बिक्रि गर्ने खुद्रा बिक्रेता | रु.१५,००० |
| सुर्तिजन्य वस्तुको खुद्रा बिक्रेता | रु. ३,००० |
| सुर्तिजन्य वस्तुको थोक बिक्रेता | रु. १२,००० |
| मदिरा थोक बिक्रेता | रु. ३०,००० |
| मदिरा वितरक | रु. ४५,००० |

**नोटः** *अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्रि वा संचय गर्दा इजाजतपत्र लिनुपर्ने तथा प्रत्येक वर्षको साउन महिना भित्रमा नविकरण गरिसक्नुपर्नेछ । अन्यथा असोज, पुष, चैत्र र असार महिनामा क्रमशः २५, ५०, ७५ र १००% जरिवाना लाग्ने छ । (स्वयम् नवीकरण गर्न सकिनेछ)*

## १६. व्यक्तिगत करको दर (आ.व. २०८०/८१)

| एकल | दम्पत्ति | दर (%) |
|---|---|---|
| ५ लाखसम्म | ६ लाखसम्म | १ |
| ५-७ लाखसम्म | ६-८ लाखसम्म | १० |
| ७-१० लाखसम्म | ८-११ लाखसम्म | २० |
| १०-२० लाखसम्म | ११-२० लाखसम्म | ३० |
| २०-५० लाखसम्म | २०-५० लाखसम्म | ३६ |
| ५० लाख माथि | ५० लाख माथि | ३९ |

## १७. करपाटि सम्बन्धमा:

**VAT कारोबार गर्ने करदाताका लागि:**

- **हरियो रंगको पाटिमा सेतो अक्षरमा स्थायी लेखा नम्बर उल्लेख गर्ने ।**

**PAN कारोबार गर्ने करदाताका लागि:**

- **पँहेलो रंगको पाटिमा कालो अक्षरमा स्थायी लेखा नम्बर उल्लेख गर्ने ।**

**VAT मा दर्ता नगर्नुपर्ने करदाताका लागि:**

- **सेतो रंगको पाटीमा रातो अक्षरमा स्थायी लेखा नम्बर उल्लेख गर्ने ।**

**नोटः** *करपाटिको लम्बाई ३० से.मि. र चौडाइ १० से.मि. हुनुपर्नेछ ।*

## १८. दण्ड जरिवाना:

| विवरण | जरिवाना रकम |
|---|---|
| दर्ता प्रमाणपत्र कारोबार स्थलमा सबैले देख्ने स्थानमा नराखेमा | रु.१,००० (पटकैपिच्छे) |
| तोकिए बमोजिम करपाटि नराखेमा | रु.२,००० |
| जाँच परीक्षणमा बाधा अवरोध गरेमा | रु.५,००० (पटकैपिच्छे) |
| बील बीजक नदिएमा | रु.१०,००० (पटकैपिच्छे) |
| बील बीजक नलिएमा | रु. १,००० (पटकैपिच्छे) |
| कारोबारको लेखा अद्यावधिक नराखेमा | रु.१०,००० |
| खरिद बिक्रि खाता स्वय् प्रमाणित गरी नराखेमा | रु.१०,००० |
| इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु बिक्रि वा संचय गरेमा | रु.५,०००-१५,००० |
| रु. १०००० भन्दा बढिको ढुवानीमा कर बिजक साथमा नराखेमा | रु.१०,००० (पटकैपिच्छे) |
| कारोबारको लेखा निरीक्षण गर्न नदिएमा | रु.२०,००० (पटकैपिच्छे) |
| E-Billing को कार्यविधि पालना नगरेमा | रु. ५ लाख |

**नोटः** *करदाताले आफ्नो कारोबारको आय विवरण प्रत्येक वर्षको साउन महिना देखि असोज मसान्त भित्रमा पेश गरिसक्नु पर्नेछ । अन्यथा शुल्क तथा जरिवाना लाग्ने छ ।*


**सम्पर्कः**

**करदाता सेवा कार्यालय भोजपुर, भोजपुर**

फोन नं. ०२९४२०६३३

कार्यालय प्रमुखः ९८५२०८०६३३

सूचना अधिकारीः ९८५२०७५६३३

इमेलः tso-bhojpur@ird.gov.np

**आन्तरिक राजस्व विभाग**

**टोल फ्रिः १६६००१४००००**